# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार ६ गते २०४० साल

श्री ५ को सरकार
### वाणिज्य तथा आपूर्ति मन्त्रालयको
### सूचना

श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ३२ मिति २०३९।३।२ अतिरिक्ताङ्क ८ (ख) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाहरूमा देहायबमोजिम संशोधन गरेकोले यो आदेश जारी गरिएको छ ।

पैठारीतर्फः

१. उक्त मितिको यस मन्त्रालयको सूचनाको पृष्ठ २ मा रहेको "परिमाणात्मक बन्देजका वस्तुहरू" भन्ने शीर्षकको सट्टा "परिमाणात्मक बन्देजका वस्तुहरू (भारत बाहेक)" भन्ने शीर्षक राखिएको छ ।

निकासीतर्फः

१. उक्त मितिको यस मन्त्रालयको सूचनाको पृष्ठ ८ मा रहेको "निकासीमा परिमाणात्मक बन्देज अन्तर्गत परेका वस्तुहरू" भन्ने शीर्षकको सट्टा "निकासीमा परिमाणात्मक बन्देज अन्तर्गत परेका वस्तुहरू (भारत बाहेक)" भन्ने शीर्षक राखिएको छ ।

यस शीर्षक अन्तर्गतका वस्तुहरूको निकासी श्री ५ को सरकारले समय समयमा सूचना प्रकाशित गरी तोके अनुसार हुनेछ ।

खुल्ला रूपमा आयात इजाजतपत्र जारी गरिने वस्तुहरू र खुल्ला रूपमा निकासी गर्न दिइने वस्तुहरूको सम्बन्धमा भारतको लागि इजाजतपत्र लिन पर्नेछैन ।

आज्ञाले,
अरूणचन्द्र प्रधान
श्री ५ को सरकारको निमित्त सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०६८